सुरक्षित गर्भपतन सेवा महिलाको प्रजनन् अधिकार हो ।
असुरक्षित गर्भपतनको अन्त्य गर्न पैरवी गरौं ।

# निःशुल्क सुरक्षित गर्भपतन सेवा

१) नेपाल सरकारले सरकारी सुचिकृत स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने गर्भपतन सेवा निःशुल्क गर्ने कार्यविधी, २०७३ कार्तिक २ गते पारित गरको छ ।

२) तेह्रथुम जिल्लामा २०७३ पौष १ गते देखि सवै सुचिकृत सरकारी स्वास्थ्य संस्थावाट प्रदानगरिने गर्भपतन सेवा निःशुल्क गरेको छ । (सेवापाइने स्वास्थ्य संस्थाको नाम यसको अर्कोपट्टि हेर्नुहोला)

३) सुरक्षित गर्भपतन सेवाका लागि स्वास्थ्य संस्था सुचिकृत हुनु पर्दछ र तालिम प्राप्त गरी सुचिकृत गरिएका स्वास्थ्यकर्मीले दिएको सेवामात्र सुरक्षित हुन्छ ।

४) सुचिकृत नगरिएका स्वास्थ्य संस्था र तालिम नपाएका स्वास्थ्यकर्मीले गर्भपतनगर्न पाउँदैनन्, गराएमा गैरकानुनी हुन्छ, असुरक्षित हुन्छ र महिलाको ज्यान नै जान सक्छ ।

५) गर्भपतन गर्ने औषधि थोक विक्रेताले सरकारले मान्यता दिएका औषधिहरु मात्र सुचिकृत गरिएका स्वास्थ्य संस्थालाई मात्र विक्रि गर्न पाउँछन् । तेह्रथुम जिल्लामा हाल सम्म कुनै पनि औषधि पसलले यो औषधि विक्रि गर्न पाउँदैनन् ।

६) महिलाहरुले सुरक्षित गर्भपतन सेवा पाइने संस्थामा यस्तो लोगो सवैले देखिने गरी लेखेर राख्नु पर्दछ । यस्तो ठाउमा पूर्ण गोपनियताका साथ गुणस्तरिय सेवा पाइन्छ ।

७) यो सेवा लिन महिलाले मुलदर्ता रजिष्टरमा दर्ता गर्नु पर्दैन, सोझै सेवाप्रदायकसँग भेटेर सेवा लिन सकिन्छ ।

८) औषधिको प्रयोगद्वारा ९ हप्ता सम्मको गर्भपतन गराउन सकिन्छ । यो सेवा तालिम प्राप्त अ.न.मि. तथा स्टाफ नर्सहरुले दिन सक्छन् । औजारको प्रयोगद्वारा १२ हप्ता सम्मको गर्भपतन गर्न सकिन्छ । यो सेवा तालिम प्राप्त डाक्टरहरुले मात्र दिन सक्छन् ।

९) १२ हप्ता सम्मको गर्भपतन सेवा तालिम प्राप्त मेडिकल अफिसरहरु (डाक्टर) ले मात्रदिन पाउँछन् । १२ हप्ताभन्दामाथिको गर्भपतन सेवा तालिम प्राप्त स्त्री तथा प्रसुति रोग विषेशज्ञ वा सुचीकृत चिकित्सकले मात्र दिन पाउँछन् ।

१०) आफैले जहाँपायो त्यहाँ गैरकानुनी रुपमा गर्भपतन सम्वन्धि औषधि किनेर खानुहुदैन । अत्याधिक रक्तस्राव भएर महिलाको मृत्यु हुन सक्छ, वाँझोपना आउन सक्छ, पाठेघरको क्यान्सर हुन सक्छ ।

११) गर्भपतन सुरक्षित गर्भ पतन गराउन पाउनु महिलाको अधिकार हो यो कुनै अपराध होइन ।

## नेपालमा गर्भपतन सम्बन्धि कानुनी व्यवस्था

**गर्भपतन गर्न पाउने अवस्थाहरु:**

- **गर्भवति महिलाको मन्जुरीमा १२ हप्ता सम्मको गर्भ ।**
- **जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको १८ हप्तासम्मको गर्भ ।**
- **गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा हुने वा निजको शारीरिक वा मानसिक स्वास्थ्यमा असर पर्ने वा बिकलाङ्ग बच्चा जन्मन सक्ने संभावना भएमा योग्यता प्राप्त चिकित्सकको रायले जुनसुकै अवधिको गर्भ ।**

## गर्भपतन गर्न नपाउने अवस्थाहरु

- गर्भवती महिलाको मन्जुरी बिना, (करकाप, धम्कीललाई फकाई, झुक्याई वा प्रलोभन दिई)
- गर्भपतन गर्ने उदेश्यले भ्रुणको लिङ्ग पहिचान गरी वा सो को आधारमा,
- गर्भपतन गर्न कानुनले तोकेको अवधि र अवस्था बाहेक अन्यअवस्थामा,

**यदि मानसिक अवस्था ठिक नभएकी महिलावा १६ बर्ष मुनीको भएमा महिलाको नजिकको नातेदारको मन्जुरीनामा लिई मात्रै सेवाप्रदान गरीन्छ ।**

## तेह्रथुम जिल्लामा नि:शुल्क सुरक्षित गर्भपतन सेवा उपलब्धहुने स्थानहरु :-

| क.सं. | स्वास्थ्य संस्थाको नाम | सेवाको प्रकार |
|---|---|---|
| १ | जिल्ला स्वास्थ्य कार्यालय तेह्रथुम | १२ हप्ता सम्मको गर्भपतन सेवा (१८ हप्ता सम्मको प्रकृयामा रहेको) |
| २ | आम्बुङ स्वास्थ्यचौकी | ९ हप्ता सम्मको गर्भपतन सेवा |
| ३ | चुहाण्डाँडा स्वास्थ्यचौकी | ९ हप्ता सम्मको गर्भपतन सेवा |
| ४ | इवा स्वास्थ्यचौकी | ९ हप्ता सम्मको गर्भपतन सेवा |
| ५ | संक्रान्ति बजार प्राथमिक स्वास्थ्य केन्द्र | १२ हप्ता सम्मको गर्भपतन सेवा |
| ६ | सम्दु स्वास्थ्यचौकी | ९ हप्ता सम्मको गर्भपतन सेवा |
| ७ | पोक्लाबाङ स्वास्थ्यचौकी | ९ हप्ता सम्मको गर्भपतन सेवा |
| ८ | ओयाक्जुङ स्वास्थ्यचौकी | ९ हप्ता सम्मको गर्भपतन सेवा |
| ९ | मोराहाङ स्वास्थ्यचौकी | ९ हप्ता सम्मको गर्भपतन सेवा |
| १० | सोल्मा स्वास्थ्यचौकी | ९ हप्ता सम्मको गर्भपतन सेवा |
| ११ | बसन्तपुर प्राथमिक स्वास्थ्य केन्द्र | १२ हप्ता सम्मको गर्भपतन सेवा |
| १२ | हमरजुङ स्वास्थ्यचौकी | ९ हप्ता सम्मको गर्भपतन सेवा |
| १३ | ओखे स्वास्थ्यचौकी | ९ हप्ता सम्मको गर्भपतन सेवा |
| १४ | फाक्चामारा स्वास्थ्यचौकी | ९ हप्ता सम्मको गर्भपतन सेवा |

## गर्भपतन पछि ध्यान दिनुपर्ने कुराहरु:

क) पोषिलो खानाहरु र झोलिलो चिजहरु बढी खानुपर्छ ।

ख) गर्भपतनलाई परिवार नियोजनको विकल्पको रुपमा प्रयोग गर्नु हुदैन ।

ग) गर्भपतन पछि चाँडोमा ८ दिन पछि नै यौन सम्पर्क गर्दा गर्भवति हुने सम्भावना भएको ले आफुलाई उपयुक्त गर्भ निरोधकका साधानहरु अनिवार्य रुपमा प्रयोग गर्नु पर्दछ । यसका लागि धेरै खालका अस्थाई गर्भ निरोधका साधनहरु पाइन्छन्, ति गर्भ निरोधक अस्थाइ साधनहरु नि:शुल्क रुपमा सरकारी स्वास्थ्य संस्थाहरुमा पाइन्छ ।

थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला ।

Ipas HEALTH ACCESS RIGHTS NEPAL

जिल्ला स्वास्थ्य कार्यालय
तेह्रथुम

समृद्ध तेह्रथुमका लागि अभियान ★ २०६८ ★ जिरिखिम्तीबजार, तेह्रथुम

आइपास नेपाल र संमृद्ध तेह्रथुमका लागि अभियानको संयुक्त साझेदारी तथा जिल्ला स्वास्थ्य कार्यालय तेह्रथुमको सहकार्यमा संचालित

**"यौन तथा प्रजनन स्वास्थ्य सुदृढीकरण साझेदारी परियोजना"**

ऐक्यवद्धताका लगि रेडियो तेह्रथुम ९२.४ मेघाहर्ज